नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
२०६३

अनुसूची-२

मिति २०६८।५।२ गते सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) का प्रतिनिधिहरुवीच भएको सहमतिका बुँदाहरु :-

१. मोर्चाले संविधान एवं प्रचलित कानूनले निषेध गरेका सशस्त्र एवं फौजी कारवाही नगर्ने ।

२. मोर्चाका नेता तथा कार्यकर्तालाई नेपाल सरकारले राजनैतिक व्यवहार गर्ने र वार्ता अवधिभर वार्ताटोलीका सदस्यहरुलाई सरकारले सुरक्षा दिने ।

३. मोर्चाका नेता तथा कार्यकर्ता माथि लागेका मुद्दा एवं हिरासत वन्दीको विवरण आपसी सहमतिमा हुने अर्को वैठक वस्नु अघि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा वुझाउने र आगामी वैठकवाट नेपाल सरकारले मुद्दा फिर्ताको कारवाही कानून वमोजिम अगाडि वढाउने ।

४. मोर्चासंग रहेका हातहतियारहरुको सम्पूर्ण विवरण अर्को वार्ता अगाडि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा वुझाउने र अर्को वार्तामा त्यस्ता हतियार नेपाल सरकारलाई हस्तान्तरण गर्ने ।

५. कसैले मोर्चाका नामवाट प्रचलित कानूनले निषेध गरेका गतिविधिहरु गरेमा त्यसको जिम्मेवारी मोर्चाले नलिने र सरकारले त्यस्ता गतिविधि उपर प्रचलित कानून वमोजिम कारवाही गर्ने ।

६. अर्को वार्ता आपसी सहमतिको आधारमा यथाशिघ्र तय गर्ने ।